# बडीमालिका नगरपालिका: आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम
## "कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार समृद्ध बडीमालिकाका प्रमुख आधार"

बडीमालिका नगरपालिकाका उन्नाइसौं नगरसभाका सदस्यहरू,

उन्नाइसौं नगरसभाको शुभारम्भको अवसरमा देश र जनताका लागि विभिन्न कालखण्डमा आफ्नो जीवन आहुति दिनुहुने ज्ञात–अज्ञात सहिदहरूप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। यस गरिमामय सभामा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्व महसुस गरेको छु र यस कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण नगरसभा सदस्य तथा कर्मचारीप्रति धन्यवाद ज्ञापन गर्दछु।

प्राकृतिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले समृद्ध बडीमालिका नगरपालिकामा कृषि, पर्यटन र जैविक विविधताको अपार सम्भावना रहेको छ। बडीमालिका क्षेत्र देवभूमि तथा महत्वपूर्ण धार्मिक पीठका रूपमा परिचित हुनुका साथै यहाँको भूगोल र उत्पादन प्रणालीले समृद्धिको आधार प्रस्तुत गरेको छ।

हाम्रो नीति तथा कार्यक्रम स्थानीय भूधरातल, स्रोत–साधन, जैविक विविधता तथा सांस्कृतिक विरासतमा आधारित हुनुपर्दछ। सोही अनुसार कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार लगायतका क्षेत्रलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तयार गरिएको छ। साथै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, पञ्चवर्षीय योजना, दीगो विकास लक्ष्य तथा राष्ट्रिय–अन्तर्राष्ट्रिय मार्गनिर्देशनलाई समेत आधार मानिएको छ।

## आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित नीति तथा कार्यक्रमहरू

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ मा सञ्चालन हुने विषयगतका प्रमुख नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु:

### १. विशेष कार्यक्रमहरू

### १.१ “मार्तडी एकीकृत खानेपानी सुधार कार्यक्रम”

- बजार क्षेत्रमा आकाशे पाइपलाइनलाई चरणबद्ध रूपमा जमिनमुनी गाड्दै चुहावट नियन्त्रण, पाइप मर्मत तथा वितरण प्रणाली सुधार गरिनेछ।
- खानेपानी उपभोक्ता समितिलाई पुनर्गठन गरी जिम्मेवार बनाइनेछ र नियमित समयतालिका अनुसार पानी वितरण अनिवार्य गरिनेछ।
- “मर्मत द्रुत टोली” गठन गरी पाइप फुट्ने, चुहावट तथा अवरोध २४–४८ घण्टाभित्र समाधान गर्ने व्यवस्था गरिनेछ।

### १.२ “मार्तडी सफा बजार–दिगो फोहोर व्यवस्थापन कार्यक्रम”

- घरमै फोहोर छुट्याउने व्यवस्था लागू गरी कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन र नकुहिने फोहोर पुनःप्रयोग गरिनेछ।
- स्थानीय युवा समूहलाई फोहोर व्यवस्थापनमा संलग्न गराई रोजगारी र वातावरण संरक्षण दुबै सुनिश्चित गरिनेछ।
- फोहोर व्यवस्थापन निजि तथा सार्वजनिक संस्थाहरु संगको साझेदारीमा अगाडि बढाइनेछ ।

**१.३ “किसान–बजार प्रत्यक्ष जोड कार्यक्रम”**

- मार्तडी कृषि हाट बजारमा साप्ताहिक किसान बजार सञ्चालन गरी कृषकलाई सिधै उपभोक्तासँग जोडिने व्यवस्था गरिनेछ।
- वडामा कृषि संकलन केन्द्र स्थापना गरी उत्पादनलाई बजारसम्म ल्याउन सहज बनाइनेछ।

**१.४ “Gen-Z युवा सहभागिता तथा नवप्रवर्तन कार्यक्रम”**

- युवालाई नीति निर्माणमा सहभागी गराउन “युवा नगर सभा” सञ्चालन गरिनेछ।
- डिजिटल आइडिया, स्टार्टअप र स्थानीय समाधानका लागि साना अनुदान (Innovation Grant) प्रदान गरिनेछ।

**१.५ “डिजिटल बडीमालिका अभियान”**

- नगरपालिकाका सेवा क्रमश पेपरलेस बनाउँदै अनलाइन प्रणालीबाट सेवा उपलब्ध गराइनेछ।
- प्रत्येक वडामा डिजिटल स्वयंसेवक मार्फत नागरिकलाई सेवा लिन सहयोग गरिनेछ।

**२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**२.१ कृषि**

- १ वडा १ उत्पादन गर्ने गरी अनुदान तथा विशेष कार्यक्रम लागू गर्ने।
- प्रत्येक वडामा १ संकलन केन्द्र स्थापना गर्ने।
- फलफूल, तरकारी तथा अन्न बालीमा व्यावसायिक उत्पादन विस्तार गर्ने।
- जडीबुटी खेती प्रवर्द्धन गर्ने।

**२.२ भेटनरी तथा पशुपालन**

- बाख्रा, भैँसी, कुखुरा पालनलाई व्यावसायिक बनाउने।
- पशु स्वास्थ्य सेवा नियमित र प्रभावकारी बनाउने।
- पशु स्वास्थ्य तथा बीमा कार्यक्रम विस्तार गर्ने।
- पशुपालक किसानलाई दुध ढुवानी तथा पशु बिमा कार्यक्रम संग जोडिनेछ ।

**२.३ पर्यटन**

- बडिमालिका धार्मिक पर्यटन प्रवर्द्धन गर्ने।
- खर्क स्टे तथा होमस्टे कार्यक्रम विस्तार गर्ने।
- पर्यटन पूर्वाधार (पदमार्ग, सूचना केन्द्र) विकास गर्ने।
- अधुरा पर्यटन पुर्वाधार निर्माण सम्पन्न गर्न आवश्यक बजेट तथा समन्वय गर्ने

**२.४ उद्योग तथा उद्यम**

- कृषि आधारित उद्योग (processing unit) स्थापना गर्ने।
- साना तथा घरेलु उद्योग प्रवर्द्धन गर्ने।

**२.५ रोजगार**

- बेरोजगार युवाको तथ्यांक संकलन गर्ने।
- सीपमूलक तालिम (मेसन, इलेक्ट्रिसियन, IT, कृषि) सञ्चालन गर्ने।
- स्थानीय रोजगार सिर्जना गर्ने कार्यक्रम लागू गर्ने।

**२.६ सहकारी विकास**

- “एक घर एक सहकारी सदस्य” नीति सुदृढ गरिनेछ।
- सहकारीको लेखा प्रणाली पूर्ण रूपमा डिजिटल बनाइनेछ।
- साना सहकारीहरूलाई एकीकृत गर्दै पूँजी विस्तार गरिनेछ।

**३. सामाजिक विकास**

**३.१ शिक्षा**

- यसै बर्ष शिक्षा नगर स्तरीइ शिक्षा योजना बनाइ कार्यान्वयन गर्ने ।
- विद्यालय बाहिरका बालबालिका शून्य (०) मा झार्ने अभियान
- संस्थागत विद्यालयमा ५%–१५% छात्रवृत्ति अनिवार्य गराउने
- शिक्षक तथा विद्यार्थी ई-हाजिरी प्रणाली लागूगर्ने
- विद्यालय सुधार योजना (SIP) अनिवार्य
- ICT आधारित शिक्षण विस्तार गर्ने
- SEE तथा कक्षा ८ नतिजा सुधार कार्यक्रम
- पढ्दै कमाउदै कार्य्रकमलाई डीजिटल तथा जेन जी युवा उद्यमी कार्यक्रम सञ्चालन गरिनेछ

**३.२ स्वास्थ्य**

- औषधि अभाव हुन नदिने सुनिश्चित प्रणाली लागू गर्ने।
- जिल्ला अस्पतालमा विपन्नका लागि १५% सेवा सुनिश्चित गर्न समन्वय गर्ने।
- स्मार्ट हेल्थ टेलिमेडिसिन सेवा पालिका सवै स्वास्थ्य सेवामा विस्तार गर्ने।
- पालिका १० शैयाको अस्पताललाई मातृ तथा बाल विशेषज्ञ सेवासहित सञ्चालन गर्ने आवश्यक उपकरण तथा जनशक्तिको संघिय तथा प्रदेश सरकारलाइ समन्वय गर्ने ।

- सबै स्वास्थ्य संस्थामा ई-हाजिरी अनिवार्य गर्ने।
- पोषण, खोप र सुरक्षित मातृत्व कार्यक्रम सुदृढ गर्ने।
- घर घरमा स्वास्थ्य जाँच कार्यक्रममा वृद्ध अपाङ्ग र सुत्केरी महिला
- डिजिटल स्वास्थ्य प्राणाली

**३.४ महिला तथा बालबालिका**

- महिला सशक्तिकरण तथा सीप विकास कार्यक्रम सञ्चालन गर्ने।
- बालश्रम र बालविवाह न्यूनीकरण अभियान सञ्चालन गर्ने।
- बालमैत्री स्थानीय शासन विस्तार गर्ने।
- एकल महिला र विपन्न लक्षित कार्यक्रम लागू गर्ने।
- अपाङ्ग मैत्री कार्यक्रम संचालन गर्ने
- समावेशी कार्यक्रम दलित जनजाती तथा विछडा बर्ग लक्षित कार्यक्रममा बजेटको सुनिश्चिता गर्ने

**३.५ साझेदार संस्था**

- सबै NGO/INGO कार्यक्रमलाई नगरको प्राथमिकतासँग अनिवार्य समन्वय गर्ने।
- दोहोरो कार्यक्रम रोक्न एकीकृत डिजिटल डाटाबेस प्रणाली लागू गर्ने।
- परिणाममुखी (Result Based) साझेदारी प्रणाली लागू गर्ने।

**४. पूर्वाधार विकास**

**४.१ सडक तथा यातायात**

- मार्तडी–फूलचडाउना सडकलाई प्राथमिकताका साथ द्रुत कार्यान्वयन गर्ने।
- वडा–वडा सडक सञ्जाल विस्तार तथा स्तरोन्नति गर्ने।
- नियमित सडक मर्मत प्रणाली लागू गर्ने।
- सडक यातायात व्यवस्थापन

**४.२ भवन तथा सार्वजनिक संरचना**

- वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाका भवन निर्माण/स्तरोन्नति गर्ने।
- अपांगमैत्री सार्वजनिक संरचना विकास गर्ने।

**४.३ पुल तथा यातायात**

- झोलुङ्गे तथा मोटरेबल पुल निर्माण विस्तार गर्ने।

**४.४ खानेपानी तथा सिँचाइ**

- मार्तडी र दर्ना सल्यना वृहत खानेपानी प्राथमिकता दिदै  सबै वडामा सुरक्षित खानेपानी विस्तार गर्ने।
- कृषि सिँचाइ प्रणाली विस्तार गरी उत्पादन वृद्धि गर्ने।

**४.५ युवा तथा खेलकुद**

- प्रत्येक वडामा खेलमैदान विकास गर्ने ।
- राष्ट्रपति रनिङ शिल्ड तथा स्थानीय खेलकुद कार्यक्रम सञ्चालन गर्ने।
- युवा प्रतिभा विकास कार्यक्रम सञ्चालन गर्ने।
- इन्डोर खेलका लागि कवर्ड हल संचालन गरिनेछ ।
- युवाहरूलाई लक्षित गरी **भ्लगिङ, फोटोग्राफी, भिडियो एडिटिङ तथा डिजिटल मार्केटिङ सम्बन्धी सीप विकास तालिम** सञ्चालन गरिनेछ

**४.६ संचार तथा डिजिटल पूर्वाधार**

- सबै वडा कार्यालयमा इन्टरनेट र डिजिटल सेवा विस्तार गर्ने।
- ई-गभर्नेन्स प्रणाली पूर्ण रूपमा लागू गर्ने।

**५. सुशासन तथा संस्थागत विकास**

**५.१ प्रशासनिक सुधार**

- सबै वडा, विद्यालय र स्वास्थ्य संस्थामा ई-हाजिरी अनिवार्य लागू गर्ने।
- हाजिर नभएको कर्मचारीलाई तलब भुक्तानी नगर्ने नीति लागू गर्ने।
- कार्यसम्पादन मूल्यांकन प्रणाली लागू गर्ने।

**५.२ डिजिटल सुशासन**

- ई-प्रोक्योरमेन्ट प्रणाली लागू गरी खरिद प्रक्रिया पारदर्शी बनाउने।
- डिजिटल वडापत्र लागू गरी सेवा प्रक्रिया स्पष्ट गर्ने।
- गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गर्ने।

**५.३ तालिम तथा क्षमता विकास**

- कर्मचारी तथा जनप्रतिनिधिको नियमित तालिम सञ्चालन गर्ने।
- तालिम र अनुदानको एकीकृत सफ्टवेयर प्रणाली लागू गर्ने।
- परिणाममुखी तालिम प्रणाली लागू गर्ने।
- उपभोक्ता समिति तथा निर्माण कम्पनिलाइ तालिमको व्यवस्था गर्ने
- जेन्जी युवालाइ डीजितल प्लेटफर्मबाट आम्दानि हुने रोजगारी सिर्जनका सिपमा आधारित तालिम सञ्चालन गरिनेछ ।

**५.३ पारदर्शिता**

- सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण अनिवार्य गर्ने।

- सबै योजना र बजेट सार्वजनिक गर्ने नीति लागू गर्ने।

**६. वन, वातावरण तथा विपद् व्यवस्थापन**

**६.१ वन तथा वातावरण**

- वृक्षारोपण अभियान (हरियाली विस्तार) सञ्चालन गर्ने।
- सामुदायिक वन व्यवस्थापन सुदृढ गर्ने।
- जलवायु परिवर्तन अनुकूलन कार्यक्रम लागू गर्ने।

**६.२ विपद् व्यवस्थापन**

- विपद् पूर्वतयारी योजना तयार गर्ने।
- जोखिम क्षेत्र पहिचान गरी संरक्षण गर्ने।
- आपतकालीन राहत कोष स्थापना गर्ने।
- उद्धार तथा राहत प्रणाली सुदृढ गर्ने।

**अन्त्यमा,**

सर्वदलीय र सर्वपक्षीय क्षेत्रसँग सहकार्य र समन्वय गर्ने प्रतिबद्धताका साथ यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकास र समृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी नगर सरकारलाई रचनात्मक सल्लाह सुझाव दिने स्थानीय सम्पूर्ण राजनीतिक दलहरू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मीहरू, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत् तथा सम्पूर्ण बडीमालिकाबासी आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद।**

अमरबहादुर खड्का
नगर प्रमुख
बडीमालिका नगरपालिका
मार्तडी, बाजुरा